# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष २९ गते ०१ साल

भाग ७

## स्वास्थ्यविभागको सूचना

( सिंहदरवार वैद्यखानाका औषधी तेलबारे )

सिंहदरवार वैद्यखानामा बनी तयार भएका औषधी तेलहरु यस विभागको विशेष आदेशले मात्रै बिक्री हुने भई आएकोमा कायम भएको दरबन्दीबमोजिम हाल सो वैद्यखानाबाटै सोझै बिक्री गर्ने गरी प्रबन्ध गरिएकोले सूचना प्रकाशित गरिएको छ।

तोलाको मोरु २०। बीसभन्दा बढ्ता पर्ने रसादीलाई १ पटकमा ॥ आधा तोलासम्म, अरु विचार गरी १।२ तोलासम्म र तेल २।४ औंससम्म दरकार परी दरखास्त दिनेलाई बिक्री गर्ने मिलाइएको छ। कोही महानुभावलाई सोही औषधी दोहोऱ्याई किन्नुपरेमा ल्याकत कालिफिकेशनवाला वैद्यको सिफारीस सर्टिफिकेटसहित फेरि दरखास्त दिनुभएमा लेखिएबमोजिम दोहोऱ्याई औषधी तेल किन्न पाउनुहुनेछ। औषधी तेलको दरकार पर्ने किन्न चाहने महानुभावले अब यस विभागमा दरखास्त नगरी सीधा सिंहदरवार वैद्यखानामा दरखास्त दिनुभए बढिया होला।

३०६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# निवेदनपत्रवालाहरूलाई

## सूचना

पर्न आएका निवेदनपत्रहरूमा यथाशक्य चाँडो कारवाई गरी सूचना दिन र निवेदनबारे सोधपुछ गर्न आउने महानुभावहरूलाई भेट दिन टाइम मिलाउनमा समेत विशेष प्रबन्ध गर्न अन्तर्गत विभागलाई आदेश भई गएको हुनाले सूचना प्रकाशित गरिएको छ ।

यस विभागमा पठाइएका आफ्ना निवेदनपत्रहरूमा समेत केही सोधपुछ गर्नुपर्ने भएमा महानुभावहरूले यस विभागबाट सूचना दिएबमोजिम सम्बन्धित अड्डामा लेखापढी गरी वा निस्सासहित अड्डा बसेको टाइममा अड्डामा आफैं जानुभई सोधपुछ गर्नुभए हुन्छ । जो चाहिंदो उत्तर पाउनुहुनेछ ।

मुनासीबमाफिकको सूचना—बेगर आफ्नो निवेदनपत्रमा कारवाई ढिलो भएमा यस विभागलाई सूचना दिनुहोला, जो चाहिंदो कारवाई हुनेछ । अथवा आफ्नो निवेदनबारे विभागीय सेक्रेटरीसँग नै केही सोधपुछ गर्न चाहनुभएमा पनि निवेदनपत्रवालासँगको भेटलाई दिनको २॥ बजेदेखि ३ बजेसम्मको टाइम प्रबन्ध गरिएको हुँदा अड्डा बसेको कुनै पनि दिन यस विभागमा सो टाइममा पाल्नुभएमा सुविधासँग भेट्ने प्रबन्ध मिलाइएको छ ।

सेक्रेटरी,
स्वास्थ्यविभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।